**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**मानीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेब खनाल**

**<u>फैसला</u>**

२०७९/०८० सालको निर्णय नं. २५०

पुनरावेदन नं. ०७६-RB-०२०५

पुनरावेदन दर्ता मितिः २०७६।११।३०

**<u>मुद्दाः– आयकर (२०७०/०७१) ।</u>**

श्री आर श्रेष्ठ एण्ड एसोसिएट्सका ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.१९ बस्ने रविन्द्र श्रेष्ठ............................................................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

श्री आन्तरिक राजस्व कार्यालय, ललितपुर...........................................................१ } प्रत्यर्थी
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं..............................................१ }

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री लाल बहादुर खत्री
शुरु कार्यालयको निर्णय मितिः-२०७४।११।२१

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

निर्णय गर्ने कार्यालय :- आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौं
निर्णय गर्ने अधिकारी :- महानिर्देशक श्री विनोद बहादुर कुँवर
निर्णय मिति :- २०७६।०९।२

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : ×
प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजिर : ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०९।२५ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. आन्तरिक राजस्व कार्यालय,ललितपुरको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री आर श्रेष्ठ एण्ड एसोसिएट्सले आर्थिक वर्ष २०७०/०७१ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार कर योग्य आय रू.५,३१,२३९।५१ कायम गरी आन्तरिक राजस्व कार्यालय, ललितपुरमा मिति २०७१।०९।२१ मा आय विवरण पेश गरेको।

२. करदाताबाट पेश हुन आएको आय विवरण र सो साथ संलग्न कागजात, फांटवारी तथा अन्य प्रमाणहरूको विस्तृत अध्ययन, छानविन समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट प्रस्तुत करदाताको आर्थिक वर्ष २०७०/०७१ को लागि आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाइने खर्च दावी भएको, आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरिएको देखिएकाले सोही ऐनको दफा १०१ वमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित कर योग्य आय रू.११,३२,९३६।५१ कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को १०१(६) बमोजिम आन्तरिक राजस्व कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७४।१०।०८ मा सूचना जारी भएको।

३. आन्तरिक राजस्व कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।१०।०८ मा जारी भएको सूचना करदाताले मिति २०७४।१०।१४ मा बुझी लिई सोको जवाफ मिति २०७४।१०।२५ मा पेश गरेको।

४. यसमा स्वीकृत कर परीक्षण प्रतिवेदन तथा करदाताले दिएको जवाफ प्रमाण समेतको आधारमा आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट जारी गरिएको आयकर ऐन, २०५८ को दफा १०१(६) वमोजिमको सूचनामा उल्लेख भए वमोजिमको करयोग्य आय रू.११,३२,९३६।५१ रकममा अवकाश योगदान रकम रू.२,७०,०००।- घटाई आर्थिक वर्ष २०७०/०७१ को देहाय अनुसार रू.८,६२,९३६।५१ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने गरी आन्तरिक राजस्व कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।११।०६ मा भएको निर्णय।

५. आर श्रेष्ठ एण्ड एसोसिएट्सले आ.व. २०७०/०७१ को लागि मिति २०७१।०९।२१ मा पेश गरेको आय विवरण पूर्ण कर परीक्षणको सिलसिलामा उपलब्ध भएसम्मका कागजात, फाँटवारी तथा प्रमाणहरू थप अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ अनुसार आयमा समावेश गर्नुपर्ने आय समावेश नगरेको तथा कट्टी गर्न नपाइने खर्च कट्टी गरेको देखिएकोले सोही ऐनको दफा १०१ वमोजिम संशोधित कर निर्धारण गर्न आन्तरिक राजस्व कार्यालयको मिति २०७४।१०।०८ मा जारी सूचनामा उल्लेख भएका विषयहरूमा तहाँबाट मिति २०७४।१०।२५ मा पेश भएका प्रमाण, कागजातहरुको छानविन तथा जिकिरलाई समेत विश्लेषण गरी उक्त आर्थिक वर्षको लागि रू.८,६२,९३६।५१ करयोग्य आय कायम गरिएको भनी आयकर ऐन, २०५८ को दफा १०२ वमोजिम करदाताको नाममा मिति २०७४।११।२१ मा जारी गरेको भएको संशोधित कर निर्धारणको आदेश।

६. आन्तरिक राजस्व कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४।११।२१ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता आर श्रेष्ठ एण्ड एसोसिएट्सले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।१२।२८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

७. इन्धन खर्च कट्टी अमान्य गरेको सम्बन्धमा कुनै ठोस प्रमाणहरु पेश नगरेको अवस्थामा आयकर ऐन (संशोधन सहित), २०५८ को दफा १३ वमोजिम खर्च कट्टी दिन नमिल्ने भनी आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट भएको संशोधित कर निर्धारण कानूनसम्मत देखिएको हुँदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ, साथै, विगत आर्थिक वर्षमा बढी दाखिला गरेको अग्रिम कर समायोजन सम्बन्धमा स्वयं कर निर्धारण गरी पेश गरेको आय विवरणमा दावी नगरिएको अग्रिम करलाई विगतमा अधिक कर दाखिला मिलान नभएको भनी आफैले पेश गरेको आय विवरण र स्वयं कर निर्धारण फरक पर्ने गरि लिएको तर्क नमिल्ने हुँदा आन्तरिक राजस्व कार्यालय, ललितपुरले कानूनले दिएको अधिकार प्रयोग गरी निर्धारण गरेको कर मिलेकै हुँदा करदाताको जिकिर नपुग्ने ठहर्छ भन्नेसमेत बेहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०९।२५ मा भएको निर्णय।

८. व्यवसाय तथा कार्यालयको कामको शिलशिलामा प्रोप्राइटर स्वयमको नाममा रहेको गाडीमा प्रयोग भएको इन्धन खर्च रू.२,६६,०१९।- आयकर ऐन, २०५८ को दफा १३ र दफा २१ को अधिनमा रही कट्टी गरेको हो। साथै, पुनरावेदक करदाताले २०६४/०६५ देखि २०६९/०७० सम्म आय विवरणमा जम्मा रू.१,१३,६७९।- अधिक दाखिला गरेको रकम समायोजन गर्नुपर्नेमा सो नगरी आन्तरिक राजस्व कार्यालयबाट भएको निर्णय तथा सोही निर्णयलाई सदर गर्ने आन्तरिक राजस्व विभाकका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटिपूर्ण रहेको हुँदा बदर गरी न्याय इन्साफ पाउँ

भन्ने समेत बेहोराको मिति २०७६।११।३० मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०३।२६ मा भएको आदेश।

## ठहर खण्ड

१०. नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा करदाताको तर्फबाट इजलास समक्ष सुनुवाईको लागि कोही पनि उपस्थित भएको देखिएन।

११. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरू कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१२. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, विद्वान सहायक न्यायाधिबक्ताबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको मिति २०७४।११।०६ को संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०९।२५ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१३. पुनरावेदक करदाताले लिएको पहिलो पुनरावेदन जिकिरतर्फ हेर्दा, उक्त जिकिर Fuel Expenses शीर्षकमा रू. ३,१७,४३५।७६ खर्च कट्टी अमान्य गरेको विषयमा रहेको पाइयो। पुनरावेदक करदाताको आयको मुख्य लागतको रूपमा रहेको इन्धन खर्च कार्यालयको कार्यसम्पादन गर्न भ्रमण तथा आवत जावतमा खर्च कट्टी गरिएको अवस्थामा फर्मको नाममा सवारी साधन नभएको हुदाँ उक्त सवारी साधनमा प्रयोग भएको इन्धन खर्च कट्टी दिन नमिल्ने भनी भएको संसोधित कर निर्धारण त्रुटीपूर्ण रहेको भन्ने पुनरावेदन जिकिर रहेको देखियो। ईन्धन खर्च अन्तर्गत करदाताले पेश गरेका विल परीक्षण गर्दा ग्यास, मट्टितेल र डिजल खरिद गरेको देखियो। उक्त खरिद भएको ईन्धन कार्यालयको नामको गाडीमा नभइ प्रोपाइटरको व्यक्तिगत प्रयोजनको लागि प्रयोग भएको गाडीमा प्रयोग भएको देखिन आयो। आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट भएको संसोधित कर निर्धारण गर्न खडा गरेको निर्णय पर्चा हेर्दा फर्मको नाममा कुनै सवारी साधन नभएको साथै ह्रास खर्चतर्फको अनुसूची परीक्षण गर्दा Petrol प्रयोग हुने कुनै उपकरण समेत नदेखिएको तर करदाताले गरेका खर्चका विजक परीक्षण गर्दा रू. २,६६,०१९।-

को Petrol खरिद गरेको देखिएकोले उक्त खर्च आय आर्जन तथा व्यवसायसंग सम्बन्धित खर्च मान्ने आधार नदेखिएकोले उक्त रकम आयकर ऐन २०५८ को दफा १३ बमोजिम खर्च कट्टी गर्न नमिल्ने बेहोरा उल्लेख गरिएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १३ मा **"कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधिनमा रही कारोवारसंग सम्बन्धित देहायका खर्चहरू कट्टी गर्न पाउनेछः-**

**(क) सो आय वर्षमा भएका**

**(ख) सो व्यक्तिबाट भएका, र**

**(ग) व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाको रोहमा करदाताले उक्त खर्च कार्यालयको व्यबसायकै सिलसिलामा भएको हो भन्ने कुनै बस्तुनिष्ट प्रमाण आधार पेश गर्न नसकेकोले उक्त Fuel Expenses शीर्षकमा गरेको खर्च रू. ३,१७,४३५।७६ आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्चकट्टी नपाउने भन्ने आन्तरिक राजस्व कार्यालय, ललितपुरको निर्णयलाई अन्यथा भन्न मिलेन।

१४. पुनरावेदक करदाताको अर्को पुनरावेदन जिकिर विगत आ.व.मा बढी दाखिला गरेको अग्रिम कर समायोजन नगरी संशोधित कर निर्धारण गरिएको सम्बन्धमा रहेको पाइयो। पुनरावेदक करदाताले मिति २०७१।०९।२१ मा आ.व.२०७०/०७१ को स्वंय कर निर्धारण गरी पेश गरेको आय विवरणको अनुसूची-१० मा अग्रिम कर कट्टी समेत रू.८२,४७४।८६ उल्लेख गरेको र उक्त रकम आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट संसोधित कर निर्धारण गर्दा मिलान गरिदिएको देखिन्छ। आ.व २०६४/०६५ देखि २०६९/०७० सम्म आय विवरणमा बढी दाखिला गरेको सम्बन्धमा मिति २०७४।१०।०३ मा भएको कर परीक्षणको बखत र मिति २०७४।११।२१ संसोधित कर निर्धारणको सूचनाको जवाफमा समेत करदाताले केही उल्लेख गरेको देखिन आएन। प्रस्तुत विषयमा करदाताले शुरू कार्यालयमा समेत जिकिर लिएको देखिन आएन। पुनरावेदन तहमा लिईने जिकिर दावी शुरू निकायमा लिएको दावी जिकिरमा मात्र सिमित रहनु पर्नेमा आन्तरिक राजस्व कार्यालय समक्ष लिखित जवाफसाथ दावी नै नगरेको आ.व २०६४/०६५ देखि आ.व २०६९/०७० सम्म आय विवरणमा बढी दाखिला गरेको अग्रिम कर समायोजन सम्बन्धी नयाँ जिकिर पुनरावेदन तहमा लिएको स्थितिमा उक्त जिकिरको औचित्य भित्र प्रवेश गरी विवेचना गर्नुपर्ने नदेखिँदा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयलाई परिवर्तन गरी रहनु परेन।

१५. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री आर श्रेष्ठ एण्ड एसोसिएट्स (स्थायी लेखा नं.३०२७६६९३८) को आ.व. २०७०/०७१ को संशोधित कर निर्धारण गरी आन्तरिक राजस्व कार्यालय ललितपुरबाट मिति २०७४।११।०६ मा

भएको निर्णय तथा सोहि निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०९।२५ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय, ललितपुरमा पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेब खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्रबहादुर नेपाली
फैसला मितिः- २०७९।१२।०६।२
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप